कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.२२/०८१/८२

आज मिति २०८२।०३।०५ गते विहिबार विहान ७:३० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.२२/०८१/८२ (बाईसऔं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्रशासन शाखा प्रमुख | | |
| २. | महन्त ठाकुर | सहायक चौथो | | |
| ३. | श्यामबाबु प्र. यादव | का.स. | | |

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको बैठक नं.२२/०८१/८२ मिति २०८२।०३।०५ गतेको एजेण्डा तथा निर्णयहरु**

**छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)**

**१. बजेट सिलिङ्ग निर्धारण सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको आ.व. २०८२/०८३ को लागि यस कार्यपालिकाको मिति २०८२/०२/२२ गतेको बैठकबाट बजेट सिलिङ्ग तोकिएकोमा आ.व.२०८२/०८३ को लागि वडा स्तरिय बजेट तर्जुमा गर्न प्रत्येक वडा लाई रु.१,००,००,०००।- अक्षरेपीं एक करोड (आन्तरिक श्रोत तर्फ बाट रु.७०,००,०००।- अक्षरेपी सत्तर लाख र अनुदान तर्फ बाट रु.३०,००,०००।- अक्षरेपी तिस लाख), नगर प्रमुख ज्यू लाई ५,००,००,०००।- अक्षरेपी पाँच करोड (आन्तरिक श्रोत तर्फ बाट रु.३,००,००,०००।- अक्षरेपी तिन करोड र अनुदान तर्फ बाट रु.२,००,००,०००।- अक्षरेपी दुई करोड), नगर उप-प्रमुख ज्यू लाई १,५०,००,०००।- अक्षरेपी एक करोड पचार लाख (आन्तरिक श्रोत तर्फ बाट रु.१,२०,००,०००।- अक्षरेपी एक करोड विस लाख र अनुदान तर्फ बाट रु.३०,००,०००।- अक्षरेपी तिस लाख) र कार्यपालिका सदस्य ज्यूहरुलाई जनही रु १२,००,०००।- अक्षरेपी बार्‍ह लाख (आन्तरिक श्रोत तर्फ बाट रु.७,००,०००।- अक्षरेपी सात लाख र अनुदान तर्फ बाट रु.५,००,०००।- अक्षरेपी पाँच लाख) सिलिङ्ग तोक्ने निर्णय गरियो ।

**१. १५ औं नगर सभाको तयारी सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको वजेट निति तथा कार्यक्रम २०८२, विनियोजन ऐन, २०८२, आर्थिक ऐन, २०८२ माथी छलफल गरियो । साथै विस्तृत छलफलका लागि अगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**२. सुमन निर्माण सेवाले दिएको कवाडी कर तथा वातावरण शुल्कको ठेक्कको रकम मिनहा सम्बन्धमा ।**

**निर्णय :** कवाडी कर र वातावरण संरक्षण कर ठेक्का स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८ ( अनुसुची ७) र नगरसभाको निर्णय वमोजिम आ.व.२०८१/०८२ असाढ मसान्त सम्म जम्मा एक बर्षका लागि सुमन निर्माण सेवाले रु.१,५२,००,०००।-मा कबोल गरी यस उपमहानरपालिकाको कार्यालय र सुमन निर्माण सेवा, दहियार-८ वारा बिच मिति २०८१/०३/२६ गते भएको सम्झौता अनुसार कर संकलन गर्दै आएको र निजले गृहमन्त्रालय, ज़िल्ला प्रशासन कार्यालय बाराको पत्र र र अदालतको आदेश कारण देखाई ठेक्का शुल्कमा ६० दिनको रकम मिनहा र टेन्डर रद गरिदिनको लागि यस कार्यालयमा मिति २०८१/१०/२७ गते निवेदन दर्ता गराएको साथै उच्च अदालत जनकपुर अस्थाई इजलास वीरगंजको मिति २०८२ वैशाख १६ गतेको उत्प्रेषण परमादेश बमोजिम धिरेन्द्र प्रसाद जैसवाल विरुद्ध जिल्ला प्रशासन कार्यालय बारा समेत भएको ०८१-WO-०३७९ को मुद्दामा सम्झौता बमोजिम निवेदकले कवाडी कर तथा वातावरण संरक्षण कर उठाउन मिति २०८१/९/१८ मा भएको अन्तरीम आदेशले रोक लगाएको नदेखिएको अवस्थामा निवेदकले सम्झौता बमोजिमको बाँकी किस्ताको रकम बुझाउनु नपर्ने वस्तुनिष्ठ आधार र कारण पुष्टि हुन नसकी मुद्दाको अन्तिम किनारा हुँदाका बखत ठहरे वमोजिम हुने गरी करारिय दायित्व वमोजिमको सुमन निर्माण सेवालाई कलैया उपमहानगरपालिका बाट लेखिएको मिति २०८१/१२/२१ को पत्र र मिति २०८१/१२/१७ को पत्रलाई कार्यन्वयन गर्नबाट रोक्ने गरी तहाँ अदालतव्राट मिति २०८१/१२/२६ मा जारी अल्पंकालिन अन्तरीम आदेशलाई निरन्तरता दिन मिलेन, भनी आदेश र निजले यस कार्यालयमा पेश गरेको ठेक्का शुल्कमा ६० दिनको रकम मिनहा र टेन्डर रदको निवेदन (मिति २०८१/१०/२७ र मिति २०८२/०३/०१) उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय र अदालतको केही दिनको रकम मिनहा गरिदिने पत्र बमोजिम निवेदकको १० दिन बरावरको रकम रु.४१६,४३८.३५ अक्षरेपी चार लाख सोह्र हजार चार सय अठतिस रुपैया पैतिस पैसा मात्र मिनाहा गर्ने निर्णय गरिया ।

**३. वडा नं.१४ को मृत विजुली मिस्त्रीलाई थप क्षतिपुर्ती सम्बन्धमा ।**

**निर्णय** : वडा नं.१४ मा कार्यरत विजुली मिस्त्री शम्भु चौधरी थारुको मिति २०८१/०४/१६ गते पोलवती जडान गर्ने क्रममा करेन्ट लागेर निधन भएको र निजको परिवारको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता शिर्षकबाट थप क्षतिपुर्ती स्वरुप रु.१५०,०००।- अक्षरेपी एक लाख पचास हजार उपलब्ध गराउने निर्णय गरियो ।

**४. आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय** : आर्थिक सहायता शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(क) वडा नं.१२ सितलपुर मठ चौक स्थित संचालनमा रहेको खुशी मिट हाउसमा विधुत शर्ट सर्किट भई मिति २०८२/०२/२६ गते राती १२:३० बजे भिषण आगलागी हुदा वडा नं.१२ निवासी श्री पन्नालाल महतोको छोरा श्री सुनिल प्रसाद कुशवाहा, श्री चिरकुट महतोको छोरा श्री नन्दु महतो र श्री जगदेव महतोको छोरा श्री सुरेश प्रसाद मण्डलको विभिन्न सामाग्री जली आर्थिक क्षति हुन गएकोले आर्थिक सहायता शिर्षकबाट निजहरुलाई रु.३०००० अक्षरेपी तिस हजारका दरले प्रत्येकलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(ख) वडा नं.२६ निवासी श्री प्रभावती देवीको आर्थिक अवस्था निकै कमजोर रहेको र निजलाई घरखर्च समेत चलाउन समस्या भईरहेकोले आर्थिक सहायता शिर्षकबाट रु. २५,०००।- अक्षरेपी पचिस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**५. पंचवर्षिय गढीमाई मेला व्यवस्थापन समितिको पेश्की फर्छ्यौट तथा भुक्तानी सम्बन्धमा ।**

**निर्णय** : नगर कार्यपालिकाको बैठक नं.०५ मिति २०८१/०८/०५ गतेको निर्णयानुसार गठन गरिएको पंचबर्षिय श्री गढीमाई मेला व्यवस्थापन समितिले बारा जिल्लाको विश्वप्रसिद्ध पंचबर्षिय गढीमाईमेलामा नगरबासी तथा भक्तजनहरुको सहजताका लागि यस उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजित गढीमाई पंचवर्षिय मेला संचालन तथा व्यवस्थापन शिर्षक बाट गढीमाई मेला संचालन तथा व्यवस्थापनका लागि गढीमाई मेला समितिका सदस्य सचिव/प्रशासन शाखा प्रमुख श्री शैलेश कुमार महतोको नाममा रु.९,००,०००।-अक्षरेपी नौ लाख रुपैया पेश्की निकासा लिई विभिन्न ठाउँहरुमा बाँसको स्वागत गेट १८ थान, फलामको अस्थाई स्वागत गेट र स्काई बैलुन २/२ थान लगायतका कार्य यस उपमहानगरपालिकामा सुचिकृत रहेका फर्महरुसँग कोटेशन माँग गरेको साथै मेला सजावट तथा व्यवस्थापनका लागि आवश्यक सामाग्री/जिन्सी खरिद गर्न समय कम भएकोले मेला समितिका संयोजक श्री राम विस्वास ठाकुर लोहार र सदस्य श्री रामेश्वर प्रसाद यादव ज्यूबाट मेला सजावट तथा व्यवस्थापनका लागि आवश्यक जिन्सी/सामाग्री (प्लास्टीक ड्रम, व्यानर, फलामको पाईप, स्टीलको पाईप, विभिन्न साइजका नेपालको झण्डा, फुल, क्रिसमस ट्री, इत्यादी) सोझै खरिद भई बिल भरपाँई पेश हुन आएकोले उक्त सोझै खरिद भएका जिन्सी/सामाग्रीहरुको खरिद अनुमोदन गरी श्री शैलेश कुमार महतोको नाँममा रहेको पेश्की रकम फर्छ्यौट गर्ने निर्णय गरियो ।.साथै पेश्की रकम कट्टा गरी भुक्तानी हुनुपर्ने अपुग खर्च रकम गढीमाई मेला व्यवस्थापन समितिका संयोजक (वडा अध्यक्ष, वडा नं.६) श्री रामबिश्वास ठाकुर लोहार ज्यूको नाममा भुक्तानी गर्ने, त्यस्तै गढीमाई मेलामा स्वास्थ्य सिविर संचालनका लागि औषधि तथा स्वास्थ्यकर्मी व्यवस्थापनमा भएको खर्च वापतको रकम स्वास्थ्य शाखा प्रमुख श्री अजय जयसवालको नाममा र कृषि एक्स्पो गढीमाईको रकम कृषि एक्स्पोका संयोजक श्री संजिता लामिछानेको नाँममा भुक्तानी गर्ने गराउने निर्णय गरियो ।

CamScanner